# सर्वोच्च अदालत




# राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन

(सर्वोच्च अदालतको पूर्ण बैठकबाट मिति २०७५।११।८।४ मा स्वीकृत भएको)

**२०७५**

# राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरमा सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शनको आवश्यकता

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी विभिन्न कसूरजन्य कार्यहरुलाई अपराधीकरण गरी कसूर गर्ने व्यक्तिलाई सजायको व्यवस्था गरेको छ। उक्त ऐनमा उल्लिखित कसूरहरु मध्ये दफा २६ को उपदफा (१), (१क) र (२) बमोजिम सजाय हुने कसूर गर्ने कसूरदारलाई न्यायिक स्वविवेकमा सजाय निर्धारण गर्नु पर्ने गरी सजायको माथिल्लो तथा माथिल्लो र तल्लो हदको व्यवस्था गरिएको छ।

यसैगरी, दफा २६ को उपदफा (३), (४) , (५) , (५क) , (५ख) , (५ग) , (५घ) (६) बमोजिम सजाय हुने कसूर गर्ने कसूरदारलाई ३ बर्षसम्म कैद तथा विभिन्न रकमको जरिबाना हुने व्यवस्था रहेको छ।

साथै, राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर गर्ने कसूरदारलाई अपराध संहिता एवम् अन्य प्रचलित कानून बमोजिम थप सजाय हुने व्यवस्था समेत रहेको छ।

३ वर्षसम्म कैद हुने कसूरमा सजाय निर्धारणको प्रयोजनका लागि छुट्टै सुनुवाई गर्नु नपर्ने भएको र जरिबाना निर्धारणका सम्बन्धमा यही सामान्य मार्गदर्शन प्रयोग हुन सक्ने नै हुँदा दफा २६ को उपदफा (३), (४), (५), (५क), (५ख), (५ग), (५घ) र (६) बमोजिम सजाय हुने कसूर गर्ने कसूरदारलाई सजाय निर्धारण गर्न छुट्टै मार्गदर्शन बनाइएको छैन।

उल्लिखित कसूर बाहेक राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ को उपदफा (१), (१क) र (२) बमोजिम सजाय हुने कसूर गर्ने कसूरदार तथा त्यस्तो कसूरको आपराधिक षडयन्त्र, दुरुत्साहन, उद्योग वा मतियार सम्बन्धी कसूर गर्ने कसूरदारलाई सम्बद्ध कानूनका व्यवस्थाहरुलाई समग्रतामा विचार गरी न्यायिक स्वविवेकमा उपयुक्त सजाय निर्धारण गर्न मार्गदर्शनको लागि सर्वोच्च अदालतले यो **राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन** बनाएको छ।

# सामान्य मार्गदर्शनको प्रयोग

- यो मार्गदर्शन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा ३ वर्षसम्म कैद हुने सजायको व्यवस्था भएका बाहेकका अन्य राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरमा सजाय निर्धारण गर्दा मार्गदर्शकको रुपमा रहनेछ।
- यो मार्गदर्शन राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरमा कसूरदार ठहर भएको प्रतिवादीलाई सजाय निर्धारण गर्ने प्रयोजनका लागि प्रयोग हुनेछ।
- यो मार्गदर्शन १८ वर्ष वा सोभन्दा बढी उमेर भएको कसूरदारलाई सजाय निर्धारण गर्दा लागू हुनेछ र कुनै कसूरदार १८ वर्षभन्दा कम उमेरको भएमा त्यस्तो कसूरदारलाई सजाय निर्धारण गर्दा यस मार्गदर्शन का अतिरिक्त **कसूरदार बालबालिकाको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन** समेत लागू हुनेछ।
- राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरको कसूरदारलाई हुन सक्ने सजायको फराकिलो दायरा (Range) लाई मध्यजनर गरी कसूरको गम्भीरता, कसूरदारको दोषिपना (Culpability) कसूरबाट भएको क्षति (Harm) तथा जोखिम (Risk) का आधारमा सजाय निर्धारण गर्ने प्रयोजनका लागि सो कसूरलाई २ वटा कसूरको वर्ग (Offence Category) मा वर्गीकरण गरी प्रत्येक वर्गको कसूरमा निर्धारण गर्न सकिने सजायको अधिकतम् तथा न्यूनतम् सजायको दायरा निर्धारण गरिएको छ।
- ऐनले अधिकतम् तथा न्यूनतम् सजायको व्यवस्था गरेको तथा कसूरको वर्गमा वर्गीकरण गरिएको प्रत्येक कसूर सम्बन्धी मुद्दामा विद्यमान कसूरको गम्भीरता बढाउने तथा घटाउने अवस्थाका आधारमा उपयुक्त सजाय निर्धारणको लागि आधार विन्दु (Base point) निर्धारण गरिएको छ।
- राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरमा कसूरको वर्गमा तय गरिएको सजायको दायराको सामान्यतयाः मध्यविन्दुलाई कैद सजायको आधार विन्दु निर्धारण गरिएको छ।

(उदाहरणको लागि ५ देखि १० वर्षसम्म कैदको सजायको व्यवस्था भएको कसूरमा सजाय निर्धारणको आधार विन्दु ७ वर्ष ६ महिना कायम गरिएको)

- अपराध संहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने अवस्था मुद्दामा विद्यमान भएमा सजायको आधार विन्दुबाट कसूरको वर्गमा उल्लिखित अधिकतम् सजायको हदमा नबढ्ने गरी बढाउन सकिने गरी तथा अपराध संहिताको दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने अवस्था मुद्दामा विद्यमान भएमा सजायको आधार विन्दुबाट ऐनमा उल्लिखित न्यूनतम् सजायको हदमा नघट्ने गरी सजायको मात्रा घटाउन सकिने गरी सजाय निर्धारण गर्ने विधि तय गरिएको छ।
- यस मार्गदर्शनमा सजाय निर्धारण गर्ने प्रयोजनको लागि सम्बद्ध कानूनहरुमा रहेका सम्बन्धित व्यवस्थाहरुलाई समग्रमा मध्यनजर गरी राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरमा कसूरदारलाई ऐन, अपराध संहिता र प्रचलित कानून बमोजिम हुन सक्ने थप सजायलाई समेत समावेश गरिएको छ।
- सजाय निर्धारणलाई सहज, वस्तुपरक र एकरुपतापूर्ण बनाउन सजाय निर्धारण सम्बन्धी १५ वटा चरणहरु निर्धारण गरिएको छ। यस सामान्य मार्गदर्शनको भाग- १ मा सजाय निर्धारण सम्बन्धी सबै १५ वटै चरणहरुमा गर्नु पर्ने कार्य र सोको आधारहरु उल्लेख गरिएको छ।तर अन्य भागहरुमा भने सबै चरणमा गर्नु पर्ने कार्यहरुको पुनर्लेखन नगरी सम्बन्धित कसूरमा आकर्षित हुने चरणहरु भाग -१ मा उल्लेख भए बमोजिम गर्ने गरी उल्लेख गरिएको छ।भाग -१ मा उल्लेख गरेको भन्दा पृथक व्यवस्था गर्नु परेकोमा भने सम्बन्धित भागमा छुट्टै व्यवस्था गरिएको छ।
- यस सामान्य मार्गदर्शनमा सजाय निर्धारणको क्रममा गर्नु पर्ने कार्यहरुलाई १५ वटा चरणको तर्कसङ्गत क्रम तय गरिएको भए तापनि कसूरको प्रकृतिका आधारमा यसै मार्गदर्शनमा तय गरिएको क्रमलाई आवश्यकता अनुसार परिवर्तन गरी प्रयोग गर्न सकिनेछ।

- कुनै कसूरदारलाई सजाय निर्धारण गर्नु अघि सजायपूर्वको प्रतिवेदन माग गर्ने आदेश भएकोमा सजाय निर्धारण ऐनको दफा १२, सजाय निर्धारण नियमावलीको नियम ४ तथा वालवालिका सम्बन्धी कानून समेतका आधारमा सरकारी वकिल वा कसूरदारको कानून व्यवसायीले सजायपूर्वको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था रहेको छ। त्यसरी पेश भएको प्रतिवेदनका सम्बन्धमा सरकारी वकिल वा कसूरदारको कानून व्यवसायी वा कसूरदार वा कसूरदार वालवालिकाको हकमा निजको संरक्षकले लिखित राय पेश गरेमा त्यस्तो प्रतिवेदन तथा लिखित रायलाई अवस्था अनुसार यसै सामान्य मार्गदर्शनको तेस्रो, चौथो, छैठौं, सातौं, आठौं, बाहौं, तेहौं र चौधौं चरणमा विचार गर्न सकिनेछ।
- अपराध संहिताको भाग-१, परिच्छेद-३ मा उल्लिखित कसूरको गम्भीरता बढाउने तथा घटाउने सबै अवस्थाहरु राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी प्रत्येक कसूरमा समान रुपमा सान्दर्भीक नहुने हुँदा सम्बन्धित कसूरको प्रकृतिलाई मध्यनजर गरी गम्भीरता बढाउने तथा घटाउने सान्दर्भीक अवस्थाहरुमात्र त्यस्तो कसूरसँग सम्बन्धित भागमा उल्लेख गरिएको छ।
- राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरसँग सम्बन्धित देहायका कसूर तथा ती कसूर गर्ने कसूरदारलाई सजाय निर्धारण सम्बन्धमा देहाय बमोजिम गरिएको छः-

**आपराधिक षडयन्त्र** राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरको आपराधिक षडयन्त्र गर्ने कार्यको अपराधिकरण तथा सजाय सम्बन्धी छुट्टै व्यवस्था नभई अपराध संहिताको दफा ३३ बमोजिमको सामान्य प्रावधान सम्बन्धी व्यवस्था लागू हुने हुँदा त्यस्तो कसूरको कसूरदारलाई यसै सामान्य मार्गदर्शनको भाग -४ बमोजिम सजाय निर्धारण गर्नु पर्ने।

**उद्योग** राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरको उद्योग गर्ने कार्यको अपराधिकरण तथा सजाय सम्बन्धमा ऐनको दफा २६ को उपदफा (५घ) मा छुट्टै व्यवस्था भएकोले अपराध संहिताको दफा ३४ बमोजिमको सामान्य प्रावधान सम्बन्धी व्यवस्था लागू नहुने।

**दुरुत्साहन** राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरको दुरुत्साहन दिने कार्यको अपराधिकरण तथा सजाय सम्बन्धी छुट्टै व्यवस्था नभएकोले अपराध संहिताको दफा ३५ बमोजिमको सामान्य प्रावधान सम्बन्धी व्यवस्था लागू हुने हुँदा त्यस्तो कसूरको कसूरदारलाई यसै सामान्य मार्गदर्शनको भाग -४ बमोजिम सजाय निर्धारण गर्नु पर्ने।

**मतियार** राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरको मतियार हुने कार्यको अपराधिकरण तथा सजाय सम्बन्धमा ऐनको दफा २७ मा छुट्टै व्यवस्था भएकोले अपराध सहिताको दफा ३६ बमोजिमको सामान्य प्रावधान सम्बन्धी व्यवस्था लागू नहुने।

- यो मार्गदर्शन अधिकतम् र न्यूनतम् सजायको व्यवस्था भएको राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी जघन्य तथा गम्भीर कसूर गर्ने कसूरदारलाई उपयुक्त सजाय निर्धारण गर्ने प्रयोजनका लागि जारी गरिएको भए तापनि यस मार्गदर्शनका विभिन्न चरणहरु ३ वर्षसम्म कैद वा जरिबाना वा दुवै सजाय हुने राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्नको लागि समेत मार्गदर्शक रहनेछ।
- मुद्दाको तथ्य, कसूरदार एवम् पीडितको अवस्था र परिस्थितिलाई मध्यनजर गर्दा यस सामान्य मार्गदर्शनको कुनै चरण अवलम्वन गर्न नसकिने वा त्यस्तो चरणको अवलम्बन गर्नु न्यायको रोहमा उपयुक्त नहुने भएमा फैसलामा सोको कारण खुलाई यस मार्गदर्शनको कुनै चरण अवलम्वन नगरी सजाय निर्धारण गर्न बाधा पर्ने छैन।

# संक्षिप्त शब्द सूची

| | |
|---|---|
| अपराध संहिता- | मुलुकी अपराध (संहिता) ऐन, २०७४ |
| ऐन- | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ |
| फौजदारी कार्यविधि नियमावली- | मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ |
| फौजदारी कार्यविधि संहिता- | मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ |
| सङ्गठित अपराध ऐन- | सङ्गठित अपराध निवारण ऐन, २०७० |
| सजाय निर्धारण ऐन- | फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ |
| सजाय निर्धारण नियमावली- | फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) नियमावली, २०७५ |

## परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस सामान्य मार्गदर्शनमा,-

(क) "कसूरदार" भन्नाले राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी मुद्दामा कसूरदार ठहर भएको प्रतिवादी सम्झनु पर्छ।

(ख) "कसूरको वर्ग" भन्नाले राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी मुद्दामा कसूरदारलाई सजाय निर्धारण गर्ने प्रयोजनका लागि कसूरको गम्भीरता, कसूरदारको दोषिपना (Culpability), कसूरबाट भएको क्षति (Harm) तथा जोखिम (Risk) समेतका आधारमा यस मार्गदर्शनमा वर्गीकरण गरिएको कसूरको वर्ग सम्झनु पर्छ।

(ग) "कैद सजायको आधार विन्दु" भन्नाले राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी मुद्दामा कसूरदारलाई सजाय निर्धारण गर्ने प्रयोजनका लागि कसूरको गम्भीरता बढाउने अवस्था विद्यमान भएमा कैद सजायको अवधी बढाउने र कसूरको गम्भीरता घटाउने अवस्था विद्यमान भएमा कैद सजायको अवधी घटाउने प्रयोजनका लागि कसूरदारलाई हुन सक्ने सजायको दायराका आधारमा तय गरिएको कैद सजायको सुरुवाती बिन्दु (Starting point) सम्झनु पर्छ।

(घ) "कैद सजायको दायरा" भन्नाले कसूरको सम्बन्धित वर्गमा उल्लेख गरिएको सजायको तल्लो र माथिल्लो फासला सम्झनु पर्छ।

(ङ) "संरक्षित वन्यजन्तु" भन्नाले ऐनको अनुसूची-१ मा उल्लिखित देहायका वन्यजन्तु सम्झनु पर्छ।

**<u>स्तनधारी जन्तु (म्यामल्स)</u>**

आसामी रातो बाँदर –(मकाका आसाभेन्सीस)
सालक –(म्यानिस क्रसिक डाटा र म्यानिस पेन्टाडक्टाइला)
हिसपिड खरायो–(क्याप्रोलागस हिसपिडस)
सोंस –(प्लाटानिस्टा ग्यन्जेटिका)
ब्वाँसो –(क्यानिसलुपस)
हिमाली रातो भालु –(असर्स अक्रटस)
हाब्रे (रेड पाण्डा) –(आइलुरस ॰ल्जेन्स)
लिङ्गसाङ –(प्राओनोडन पार्डिक्लर)
हुँडार –(हाइना हाइना)
चरी बाघ (लेपर्ड क्याट) –(फेलिल बेंगालेन्सिस)
लिक्स –(फेलिस लिंक्स)
ध्वाँसे चितुवा –(निओफेलिस नेबुलोसा)
बाघ –(पान्थेरा टाइग्रिस)
हिउँ चितुवा –(पान्थेरा अन्सिय)
जङ्गली हात्ती –(इलेफस माक्सिमस)
गैंडा –(राइनोसिरस युनिकर्निस)
सानो जातको बँदेल –(सस सल्मानस)
कस्तुरी मृग –(मस्चस मस्चिफेरस)
बाह्रसिंगा –(सरभस डुमासेलि)
गोरवड्सन–(वस गोंरस)
योक नाक –(वस ग्रन्नियन्स)
अर्ना –(वुवालस वुवालिस)
नायन –(ओमिस आम्मन)
चिरु –(पान्थोलप्स हडसोनी)

कृष्णसार –(एन्टिलोप सर्निकार्पा)
चौका –(टेट्राकर्निक क्वाड्रिकर्निस)
**<u>पंक्षी (एभ्स)</u>**
कालो स्टर्क –(सीकोनिया नाइग्रा)
सेतोस्टर्क –(सिकोनिया सिकोनिया)
सारस –(ग्रस ग्रस)
चीर –(क्याट्रिएस वालिचाई)
डाँफे –(लोफोफोरस इन्पिजानस)
मोनाल –(ट्रागोनपान साटाइरा)
खर मुजूर –(थपोडोटिस बेङ्गालेन्सिस)
सानो खर मुजूर –(साइफिओटाइडस इन्डिका)
ठूलो धनेश –(बुसेरस वाइकंर्निस)
**<u>घस्रने जातका जन्तु (रेपटायल्स)</u>**
अजिङ्गर –(पाईथन स्पिसिज)
घडियाल गोही –(ग्याभियालिस ग्यान्जेटिक्स)
सुन गोहोरी –(भारानस फ्लामेसेन्स)

# विषय सूची


| भाग | कसूर | पृष्ठ |
|---|---|---|
| भाग-१ | गैरकानूनी तरिकाले गैंडा, बाघ, हात्ती, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरी गाई मार्ने, घाइते बनाउने, खरिद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको वीना, हिउँ चितुवाको छाला तथा त्यस्तै अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने, बिक्री गर्ने वा ओसारपसार गर्ने सम्बन्धी कसूर। | ९ |
| भाग-२ | राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्रलाई कुनै किसिमले अतिक्रमण वा कब्जा गर्ने वा बिक्री गर्ने वा सोको प्राकृतिक बनावट वा सौन्दर्यमा कुनै किसिमले हानि, नोक्सानी वा क्षति पुयाउने सम्बन्धी कसूर। | १६ |
| भाग-३ | लेखिएका वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने वा घाइते बनाउने सम्बन्धी कसूर। | १९ |
| भाग-४ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी कसूरको आपराधिक षडयन्त्र, उद्योग, दुरुत्साहन तथा मतियार सम्बन्धी कसूर। | २२ |

**भाग-१**

**कसूरः** गैरकानूनी तरिकाले गैंडा, बाघ, हात्ती, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरी गाई मार्ने, घाइते बनाउने, खरिद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको वीना, हिउँ चितुवाको छाला तथा त्यस्तै अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने, बिक्री गर्ने वा ओसारपसार गर्ने सम्बन्धी कसूर।

**सम्बद्ध कानूनः** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

| दफा/उपदफा | कसूर | सजाय |
|---|---|---|
| २६ (१) | गैरकानूनी तरिकाले गैंडा, बाघ, हात्ती, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरी गाई मार्ने, घाइते बनाउने, खरिद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको वीना, हिउँ चितुवाको छाला तथा त्यस्तै अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने, बिक्री गर्ने वा ओसारपसार गर्ने सम्बन्धी कसूर। | ५ वर्षदेखि १५ वर्षसम्म कैद वा रु. ५ लाखदेखि १० लाखसम्म जरिबाना वा दुवै सजाय। |

**पहिलो चरणः** **(कसूरको वर्ग यकीन गर्ने)** यो कसूर गर्ने कसूरदारलाई हुने कैद र जरिबानाको माथिल्लो र तल्लो हदको व्यवस्था भएको र सजायको दायरा फराकिलो भएको हुँदा कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा उपयुक्त सजाय निर्धारण गर्न यस कसूरलाई देहाय बमोजिम २ वर्गमा वर्गीकरण गर्न सकिने हुँदा कसूरदारको कसूर कुन वर्गमा पर्ने हो यकिन गर्ने। कसूरको वर्ग विभाजन गर्ने आधारहरुको केही दृष्टान्त तालिकामा उल्लेख गरिएको छ।

| कसूरको वर्ग | कसूर | कैद सजायको दायरा (Range) |
|---|---|---|
| क | ▪ गैरकानूनी तरिकाले गैंडा, बाघ, हात्ती, मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरी गाई मार्ने,<br>▪ गैंडा, बाघ, हात्ती, मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरी गाई घाइते बनाउने,<br>▪ गैंडा, बाघ, हात्ती, मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरी गाई खरिद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने,<br>▪ गैंडाको खाग वा कस्तुरीको वीना, हिउँ चितुवाको छाला तथा आखेटोपहार राख्ने, खरिद गर्ने, बिक्री गर्ने वा ओसारपसार गर्ने,<br>▪ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर। | १० वर्षदेखि १५ वर्ष कैद |
| ख | ▪ अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने, बिक्री गर्ने वा ओसारपसार गर्ने, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा क वर्गमा वर्गीकरण गर्न उपयुक्त नहुने कसूर। | ५ वर्षदेखि १० वर्ष कैद |

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) प्रथम चरणमा यकिन गरिएको कसूरको वर्ग र सजायको दायराका आधारमा कसूरदारलाई कैद सजाय निर्धारण गर्न देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको दायरा (Range) |
|---|---|---|---|
| क | ▪ गैरकानूनी तरिकाले गैंडा, बाघ, हात्ती, मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरी गाई मार्ने,<br>▪ गैंडा, बाघ, हात्ती, मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरी गाई घाइते बनाउने,<br>▪ गैंडा, बाघ, हात्ती, मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरी गाई खरिद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने,<br>▪ गैंडाको खाग वा कस्तुरीको वीना, हिउँ चितुवाको छाला तथा आखेटोपहार राख्ने, खरिद गर्ने, बिक्री गर्ने वा ओसारपसार गर्ने,<br>▪ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर। | १२ वर्ष ६ महिना कैद | १० वर्षदेखि १५ वर्ष कैद |
| ख | ▪ अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने, बिक्री गर्ने वा ओसारपसार गर्ने, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा क वर्गमा वर्गीकरण गर्न उपयुक्त नहुने कसूर। | ७ वर्ष ६ महिना कैद | ५ वर्षदेखि १० वर्ष कैद |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिम देहायका कुनै वा सबै उद्देश्य विचार गर्ने।

| सजायका उद्देश्य |
|---|
| ▪ कसूर गर्न कसूरदार वा अन्य व्यक्तिलाई हतोत्साहित गर्ने,<br>▪ समाज वा समुदायलाई सुरक्षा गर्ने,<br>▪ पीडितलाई क्षतिपूर्ति सहित न्याय प्रदान गर्ने,<br>▪ कसूरदारलाई समाजमा पुनस्थापना गर्न सहयोग गर्ने वा सुधार गर्ने,<br>▪ कसूरदारलाई समाजबाट अलग राख्ने,<br>▪ कसूरदारलाई आफ्नो कार्यप्रति पश्चाताप बोध गराई पीडित व्यक्ति वा समुदायलाई हानि नोक्सानी भएको छ भन्ने कुराको अनुभूति गराउने,<br>▪ कानूनद्वारा निषेधित आचरणको निन्दा गर्ने। |

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा देहायका सिद्दान्तहरुको अवलम्वन गर्ने।

| सजाय निर्धारण गर्ने आधार |
|---|

सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२),

- दुई वा सोभन्दा बढी कामबाट कुनै कसूर हुने रहेछ र त्यस्ता काम मध्ये कुनै एक काम छुट्टै कसूर हुने रहेछ भने सबैभन्दा बढी सजाय हुने कसूरमा मात्र सजाय गर्ने।

सजाय निर्धारण ऐनको दफा १४,

- कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा अनुसार सजाय समानुपातिक भन्दा बढी नगर्ने,
- सजायको उद्देश्य प्राप्त गर्न आवश्यक हुने भन्दा चर्को सजाय नगर्ने,
- उस्तै परिस्थितिमा घटेको कसूरको अर्को कसूरदारलाई पहिले दिइएको सजायसग अमिल्दो वा असमान सजाय हुन नहुने गरी सजाय निर्धारण गर्ने।
- एकभन्दा बढी कसूरको लागि सजाय गर्दा वा कुनै कसूरमा सजाय भोगी रहेको कसूरदारलाई अर्को कसूर बापत सजाय गर्दा समग्र सजाय उचित र समानुपातिकभन्दा बढी हुन नहुने गरी सजाय निर्धारण गर्ने।
- कसूरको अनुपातमा अन्य सजाय नै पर्याप्त हुने देखिएमा कैद सजाय नगर्ने।

सजाय निर्धारण ऐनको दफा १५ बमोजिम देहायका कुरालाई आधार लिनेः-

- कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा,
- कसूर गर्दाको परिस्थिति,
- कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्थाहरु,
- कसूरदारको आचरण र विगतको कृयाकलाप,
- जघन्य वा गम्भीर प्रकृतिका कसूर गर्ने कसूरदारलाई कैद सजाय,
- पटके कसूरदारलाई पछिल्लो कसूर बापत हुने सजायको दोब्बर थप सजाय,
- समाज वा समुदायलाई खतरा हुने कसूरदारलाई कैद सजाय,
- कुनै सरकारी कार्यालय वा सार्वजनिक वा सङ्गठित संस्थाको पद वा ओहदामा बहाल रही त्यस्तो पद वा ओहोदाको दुरुपयोग गरी कसूर गर्ने कसूरदारलाई त्यस्तो कसूरमा हुने सजायको डेढी सजाय।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध सहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने।

| **कसूरको गम्भीरता बढाउने अवस्था** | **कसूरको गम्भीरता घटाउने अवस्था** |
|---|---|
| ▪ राष्ट्रपति वा सरकार प्रमुख वा विदेशी राज्य प्रमुखको उपस्थितिमा कसूर गरेको,<br>▪ विश्वासको दुरुपयोग गरी कसूर गरेको,<br>▪ कुनै सार्वजनिक पदको लाभ उठाई वा दुरुपयोग गरी कसूर गरेको,<br>▪ सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो पदीय कर्तव्य पालन गर्न लागेकोमा बाधा पुर्याउने वा निजलाई कुनै गैरकानूनी काम गर्न लगाउने नियतले कसूर गरेको,<br>▪ कुनै सरकारी कार्यालय, सार्वजनिक कार्यालय वा धार्मिक स्थलमा कसूर गरेको,<br>▪ ५ वा ५ भन्दा बढी व्यक्तिहरु समूहमा आवद्ध भई कसूर गरेको,<br>▪ सार्वजनिक शान्ति खलबलिएको, बाढी, पहिरो, भूकम्प वा | ▪ कसूरदारको उमेर अठार वर्षभन्दा कम वा पचहत्तर वर्षभन्दा माथि भएको,<br>▪ कसूरदार वा निजको कुनै नजिकको नातेदारका बिरुद्ध गरिएको कुनै गम्भीर कसूरको प्रतिकारको रुपमा तत्कालै कसूर भएको,<br>▪ कसूरदारले स्वेच्छाले कसूर स्वीकार गरेको वा त्यस्तो कसूर गरे बापत पश्चाताप गरेको, |

| | |
|---|---|
| त्यस्तै प्रकृतिको दैवी प्रकोप भएको महामारी फैलिएको, अनिकाल परेको वा त्यस्तै किसिमको अन्य कुनै सङ्कटको लाभ लिई कसूर गरेको,<br>▪ हातहतियार वा विषालु वा विष्फोटक पदार्थ साथमा लिई वा प्रयोग गरी वा विद्युत प्रवाह गरी वा विद्युतीय उपकरण प्रयोग गरी कसूर गरेको वा हातहतियार वा विषालु वा विष्फोटक पदार्थ लिएको मानिसको मद्दतबाट कसूर गरेको,<br>▪ एक पटक कैद सजाय पाएको कसूरदारले पुनः कसूर गरेको,<br>▪ कुनै पारितोषिक वा आश्वासन वा लाभको प्रलोभन पाउन कसूर गरेको,<br>▪ आफ्नो संरक्षण वा नियन्त्रणमा रहेको वा जिम्मामा रहेको संरक्षित वन्यजन्तु बिरुद्ध कसूर गरेको,<br>▪ कसैलाई क्रुर यातना, अमानवीय वा अपमानजन्य व्यवहार गरी कसूर गरेको,<br>▪ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको,<br>▪ कसैलाई अपहरण गरी वा शरीर बन्धक लिई कसूर गरेको,<br>▪ कुनै व्यक्तिको सुरक्षाको कर्तव्य भएका व्यक्तिले आफूले सुरक्षा गर्नु पर्ने संरक्षित वन्यजन्तु बिरुद्ध कसूर गरेको,<br>▪ नियोजित वा सङ्गठित रुपमा कसूर गरेको,<br>▪ सवारी साधन, विमान दुर्घटना वा प्राकृतिक प्रकोप पर्दा उद्धार गर्ने काममा खटिँदा कसूर गरेको,<br>▪ कसूरदारको उमेर, लैङ्गिक स्थिति, व्यक्तिगत, सामाजिक साँस्कृतिक पृष्ठभूमि, कसूर गर्दाको परिस्थिति, कसूर गर्नु अघिको चालचलन लगायतका तर्कसङ्गत रुपमा देखिएका अन्य कुरा। | ▪ कसूरदारले सम्बन्धित अधिकारी समक्ष आत्मसर्मपण गरेको,<br>▪ शारीरिक, मानसिक तथा अपाङ्गताको कारणले गर्दा कसूरदारको क्षमता ह्रास भएको,<br>▪ अदालतमा साँचो कुरा व्यक्त गरी न्यायिक प्रकृयामा सहयोग पुर्याएको,<br>▪ कसूर स्वीकार गरी भविष्यमा फौजदारी कसूर नगर्ने प्रतिवद्धता व्यक्त गरेको,<br>▪ कसैको बहकाउ वा दवावमा अपराध गरेको,<br>▪ कसूरदारको उमेर, लैङ्गिक स्थिति, व्यक्तिगत, सामाजिक साँस्कृतिक पृष्ठभूमि, कसूर गर्दाको परिस्थिति, कसूर गर्नु अघिको चालचलन लगायतका तर्कसङ्गत रुपमा देखिएका अन्य कुरा। |

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरको कसूरदारलाई के कति जरिबाना हुने हो यकिन गर्ने।

- कसूरदारलाई जरिबाना निर्धारण गर्दा ऐनको दफा १८ बमोजिम देहायका आधारमा गर्नेः-

| जरिबाना निर्धारण गर्ने आधार |
|---|
| ▪ कसूर र जरिबानाको अधिकतम् र न्यूनतम् हद विचार गरी निर्धारण गर्नु पर्ने,<br>▪ जरिबाना निर्धारण गर्दा देहायका कुराहरु समेतलाई विचार गर्नु पर्नेः–<br>  ▪ कसूरदारको आर्थिक हैसियत र आय आर्जन क्षमता,<br>  ▪ कसूरदारले गरेको कसूरको कारणबाट अरु व्यक्तिलाई हुन गएको आर्थिक हानी नोक्सानी,<br>  ▪ कसूरदारले गरेको कसूरको कारणबाट कसूरदार वा निजको परिवारले प्राप्त गरेको लाभ,<br>  ▪ जरिबानाबाट कसूरदारले पालन पोषण गर्नु पर्ने परिवारलाई पर्ने असर,<br>  ▪ विगो खुलेकोमा विगो रकम,<br>  ▪ दफा ४८ बमोजिमको पीडित राहत कोषमा रकम जम्मा गराउनु पर्ने भए त्यस्तो रकम । |

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई देहाय बमोजिम थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने।

| **थप सजाय हुन सक्ने अवस्था** |
|---|
| अपराध संहिताको,<br>▪ दफा ४३ बमोजिम एउटै वारदातमा एकभन्दा बढी कसूर गरेको वा भिन्न भिन्न वारदातमा भिन्न भिन्न कसूर गरेको अवस्था भएमा डेढी सजाय हुने।<br>▪ दफा ४४ बमोजिम कुनै कसूरमा सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान गरेको वा माफी पाएको ५ वर्ष अवधी पूरा नहुँदै अर्को जघन्य वा गम्भीर कसूर गरेमा पछिल्लो पटक गरेको कसूरमा हुने सजायको दोब्बरसम्म सजाय हुने।<br>▪ दफा १९७ को उपदफा (३) बमोजिम यो कसूर गर्न सजिलो पार्ने नियतले बेहोस पार्ने कार्य भएको र त्यस्तो कसूर भइसकेको रहेछ भने त्यस्तो कसूर बापत १ वर्षसम्म कैद र रु १० हजारसम्म जरिबाना सजाय थप हुने।<br>▪ दफा २१४ को उपदफा (२) बमोजिम कसैलाई अपहरण गरी वा शरीर बन्धक लिई वा अपहरण गरी शरीर बन्धक लिई यो कसूर गरेको रहेछ भने निजलाई यस कसूर बापतको सजायमा दफा २१४ को उपदफा (१) बमोजिमको सजाय थप हुने।<br>सङ्गठित अपराध ऐनको,<br>▪ दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिम यो कसूर सङ्गठित रुपमा गरेको भएमा प्रचलित कानून बमोजिम हुने सजायको अतिरिक्त ५० प्रतिशत थप सजाय हुने। |

- यस कसूर गर्ने कसूरदारलाई थप सजायको रुपमा निश्चित अवधिको कैद तथा निश्चित रकमको जरिबाना हुने भएमा सोही बमोजिम थप सजाय निर्धारण गर्नु पर्ने।
- यस कसूर गर्ने कसूरदारलाई हुन सक्ने थप सजाय न्यायिक स्वविवेकमा निर्धारण गर्नु पर्ने प्रकृतिको भएमा कसूरदारलाई थप सजाय गर्दा कसूरको गम्भीरता, कसूरदारको भूमिका र आपराधिक पृष्ठभूमि समेतका कुराहरुलाई समग्रतामा विचार गरी उपयुक्त थप सजाय निर्धारण गर्नु पर्ने।

**नवौं चरणः** **(सजायमा छुट दिने)** यस कसूरका कसूरदार उपर फौजदारी कार्यविधि संहिताको दफा ३३ को उपदफा (२) बमोजिम घटी सजायको प्रस्ताव लिई अभियोगपत्र दायर भएको र त्यस्तो प्रस्ताव रद्ध नगरिएको भए फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)** ऐनको दफा २८ बमोजिम यो कसूर गर्ने कसूरदार दोषि ठहरिएमा अपराधसित सम्बन्धित आखेटोपहार, हातहतियार, सवारीको साधन तथा अन्य वस्तु जफत गर्न सकिने।

**एघारौं चरणः** **(विगो निर्धारण गर्ने)** यस कसूरबाट पीडितलाई विगो भराई दिने व्यवस्था नभएको हुँदा यस कसूरका हकमा यो चरण आकर्षित नहुने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यस कसूरबाट पीडितलाई क्षतिपूर्ति भराई दिने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।
- फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)** यस कसूरमा कसूरदारलाई फौजदारी कार्यविधि संहिताको दफा १५५ वा सजाय निर्धारण ऐनको दफा २२,२४,२५,२६ वा २७ बमोजिम आदेश हुन नसक्ने भएकोले यो चरण आकर्षित नहुने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा देहायका आधारमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने।

- नैतिक पतन देखिने अभियोगमा सजाय पाएको मानिने कानूनी व्यवस्था (जस्तैः बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६७ को उपदफा (२) तथा लिखतहरुको गोप्यता सम्बन्धी ऐन, २०३९ को दफा १२ को उपदफा (२))
- सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (जस्तैः ने.काप.२०३० को नि.नं. ७७४ मा डाका र खूनको अपराध सामाजिक नैतिकता विरुद्धको अपराध हुने/समाजको नैतिक मूल्य वा आदेशलाई कुनै निरपेक्ष र अपरिवर्तनीय विषयबस्तु जस्तो गरी कुनै एउटा समाजमा कायम रहेको नैतिक मूल्य वा आदर्शको आधारमा सधैं र सबै परिस्थितिका लागि नैतिक पतन देखिने फौजदारी अपराधको किटुवा सूची तयार गरी स्पष्टीकरण वा परिभाषा दिन खोज्नु उचित नहुने/ हाम्रो कानूनी व्यवस्थाले त्यस्तो अपराध छुटाउने कार्य न्यायिक विवेकमा छोडेको छ र न्यायकर्तालेे पनि विषय र सन्दर्भलाई विचार गरेर मात्र त्यससम्बन्धमा कुनै निष्कर्षमा पुग्नु पर्ने।
- ने.का.प. २०६७ निर्णय नं. ८५०७ मा महिलालाई इच्छाविपरीत अनतिक्रम्य शरीरको पवित्रताको अपहरण गरी जवरजस्ती करणी गर्नु कानूनविपरीत मात्र नभई गम्भीर अपराध पनि भएकाले सभ्य मानव समाजले यस्तो कार्यलाई नैतिकताविहीन कार्य मान्दछ। यस्तो नैतिकताविपरीतको कार्यलाई नै नैतिक पतन देखिने फौजदारी अपराध मान्नुपर्ने ।
- त्यसै गरी ने.का.प.२०७३ को नि.नं. ९७०६ मा सामान्यतः समाजले गम्भीर एवं क्रूर मानेका सामाजिक सम्बन्ध, सौहार्दता एवं सद्‌भावलाई प्रतिकूल असर पार्ने र मनसायपूर्वक गरिएका हत्या, जबरजस्ती करणी, मानव बेचबिखन, लागु औषधको कारोबार, किर्ते जालसाजी, ठगी, भ्रष्टाचार, अपहरण, जबरजस्ती चन्दा असुली, डाँका चोरी, खोटा चलन, कर छली, अदालती कार्यमा हस्तक्षेप, नाबालक एवं आश्रित विरूद्धका कसूर, बहुविवाह जस्ता कसूरमा नैतिकताका प्रश्नहरू सन्निहित हुन्छन् र अपराध गर्दाको परिस्थिति, मनस्थिति, कसूरदारको व्यवहार र पीडित एवं समाजउपर परेको असर हेरी सोही मुद्दा वा अन्य मुद्दाको परिप्रेक्ष्यमा नैतिक पतन देखिने अपराध हो वा होइन भनी यकिन गर्न सकिने हुन्छ।)

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने।

| फौजदारी कार्यविधि संहिताको दफा १३१ | सजाय निर्धारण ऐनको दफा १७ |
|---|---|
| ▪ मुद्दाको संक्षिप्त विवरण तथा सोसँग सम्बन्धित आवश्यक कुरा,<br>▪ मुद्दामा कुनै कानून व्यवसायीले बहस गरेको भए त्यस्तो बहसको मुख्य मुख्य बुँदा,<br>▪ मुद्दाका पक्षहरुले पेश गरेको प्रमाण, ती प्रमाणको विश्वसनियता वा खण्डनीय, त्यसको आधार, प्रमाणको पर्याप्तता वा अपर्याप्तता,<br>▪ मुद्दामा कुनै पक्षले कुनै कानूनी प्रश्न उठाएको भए त्यस सम्बन्धी कुरा, | ▪ सजाय गर्नु पर्ने कारण,<br>▪ जरिबानाको सजाय निर्धारण गर्दा कसूरदारले बुझाउनु पर्ने जरिबानाको रकम, जरिबाना बुझाउनु पर्ने मिति, किस्ताबन्दीमा बुझाउन पाउने भए त्यस्तो कुरा र जरिबाना नतिरे बापत हुन सक्ने कैद सजाय,<br>▪ कैद सजाय निर्धारण गर्दा कैदको अवधि, थुनामा रहेको मिति, कैद भुक्तान हुने मिति,<br>▪ सामुदायिक सेवा गर्ने आदेश भएकोमा सेवाको किसिम, अवधि, समय र सेवा नगरे बापत हुन सक्ने सजाय,<br>▪ सुधार गृह वा पुनस्थापना केन्द्रमा कैद सजाय भुक्तान गर्ने गरी सजाय निर्धारण गर्दा त्यस्तो गृह वा केन्द्रमा बस्नु पर्ने अवधि, पालना गर्नु पर्ने शर्त र |

| | |
|---|---|
| ▪ कसूर ठहर हुने वा नहुने आधार तथा त्यसको कारण,<br>▪ पुनरावेदन लाग्ने वा नलाग्ने र पुनरावेदन गर्नु पर्ने अदालत,<br>▪ अन्य आवश्यक कुराहरु । | त्यस्तो शर्त उल्लङ्घन गरे बापत हुन सक्ने सजाय,<br>▪ कसूरदारलाई प्यारोलमा छोड्न सकिने वा नसकिने,<br>▪ कैद निलम्बन हुने भए कति अवधिसम्म निलम्बन हुने,<br>▪ अदालतले उपयुक्त ठानेको अन्य आवश्यक कुरा । |

**भाग-२**

**कसूरः** राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्रलाई कुनै किसिमले अतिक्रमण वा कब्जा गर्ने वा बिक्री गर्ने वा सोको प्राकृतिक बनावट वा सौन्दर्यमा कुनै किसिमले हानि, नोक्सानी वा क्षति पुर्याउने सम्बन्धी कसूर।

**सम्बद्ध कानूनः** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

| दफा/उपदफा | कसूर | सजाय |
|---|---|---|
| २६१ (१क) | राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्रलाई कुनै किसिमले अतिक्रमण वा कब्जा गर्ने वा बिक्री गर्ने वा सोको प्राकृतिक बनावट वा सौन्दर्यमा कुनै किसिमले हानि, नोक्सानी वा क्षति पुर्याउने सम्बन्धी कसूर। | १० वर्षसम्म कैद वा रु. १० लाखसम्म जरिबाना वा दुवै सजाय। |

**पहिलो चरणः** **(कसूरको वर्ग यकीन गर्ने)** यो कसूर गर्ने कसूरदारलाई हुने कैद र जरिबानाको माथिल्लो हदको व्यवस्था भएको र सजायको दायरा फराकिलो भएको हुँदा कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा उपयुक्त सजाय निर्धारण गर्न यस कसूरलाई देहाय बमोजिम २ वर्गमा वर्गीकरण गर्न सकिने हुँदा कसूरदारको कसूर कुन वर्गमा पर्ने हो यकिन गर्ने। कसूरको वर्ग विभाजन गर्ने आधारहरुको केही दृष्टान्त तालिकामा उल्लेख गरिएको छ।

| कसूरको वर्ग | कसूर | कैद सजायको दायरा (Range) |
|---|---|---|
| क | ▪ राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्रलाई कुनै किसिमले अतिक्रमण वा कब्जा गर्ने वा बिक्री गर्ने,<br>▪ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर। | ६ वर्षदेखि १० वर्ष कैद |
| ख | ▪ राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्रलाई वा सोको प्राकृतिक बनावट वा सौन्दर्यमा कुनै किसिमले हानि, नोक्सानी वा क्षति पुर्याउने सम्बन्धी कसूर, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा क वर्गमा वर्गिकरण गर्न उपयुक्त नहुने कसूर । | ६ वर्षसम्म कैद |

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) प्रथम चरणमा यकिन गरिएको कसूरको वर्ग र सजायको दायराका आधारमा कसूरदारलाई कैद सजाय निर्धारण गर्न देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको दायरा (Range) |
|---|---|---|---|
| क | ▪ राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्रलाई कुनै किसिमले अतिक्रमण वा कब्जा गर्ने वा बिक्री गर्ने,<br>▪ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा यस वर्गमा वर्गीकरण | ८ वर्ष कैद | ६ वर्षदेखि १० वर्ष कैद |

| | | | |
|---|---|---|---|
| | गर्न उपयुक्त हुने कसूर। | | |
| ख | ▪ राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्रलाई वा सोको प्राकृतिक बनावट वा सौन्दर्यमा कुनै किसिमले हानि, नोक्सानी वा क्षति पुर्याउने सम्बन्धी कसूर, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा क वर्गमा वर्गिकरण गर्न उपयुक्त नहुने कसूर । | ४ वर्ष कैद | ६ वर्षसम्म कैद |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध सहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने। कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को पाँचौं चरणमा दिइएको छ।

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति जरिबाना हुने हो यकिन गर्ने। कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को सातौं चरणमा दिइएको छ।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने। कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)** यस कसूरका कसूरदार उपर फौजदारी कार्यविधि संहिताको दफा ३३ को उपदफा (२) बमोजिम घटी सजायको प्रस्ताव लिई अभियोगपत्र दायर भएको र त्यस्तो प्रस्ताव रद्ध नगरिएको भए फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)** ऐनको दफा २८ बमोजिम यो कसूर गर्ने कसूरदार दोषि ठहरिएमा अपराधसित सम्बन्धित आखेटोपहार, हातहतियार, सवारीको साधन तथा अन्य वस्तु जफत गर्न सक्ने व्यवस्था भएकोले त्यस्तो साधन तथा वस्तु जफत गर्ने।

**एघारौं चरणः** **(विगो निर्धारण गर्ने)** यस कसूरबाट पीडितलाई विगो भराई दिने व्यवस्था नभएको हुँदा यस कसूरका हकमा यो चरण आकर्षित नहुने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यस कसूरबाट पीडितलाई क्षतिपूर्ति भराई दिने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।
- फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)**

- यस कसूरमा कसूरदारलाई निर्धारण भएको सजायको आधारमा फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिम कैद बापत रकम तिर्न सकिने अवस्था भएमा सो सम्बन्धी आदेश गर्ने।
- सजाय निर्धारण ऐनको दफा २४ को उपदफा (३) का आधारमा सोही ऐनको दफा २२,२४,२५,२६ वा २७ बमोजिम आदेश हुन नसक्ने भएकोले सो सम्बन्धी आदेश गर्न नसकिने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

**भाग-३**

**कसूरः** ऐनको दफा २६ को उपदफा (१) मा लेखिएका वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने वा घाइते बनाउने सम्बन्धी कसूर।

**सम्बद्ध कानूनः** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

| दफा/उपदफा | कसूर | सजाय |
|---|---|---|
| २६ (२) | ऐनको दफा २६ को उपदफा (१) मा लेखिएका वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने वा घाइते बनाउने सम्बन्धी कसूर। | १ वर्षदेखि १० वर्षसम्म कैद वा रु १ लाखदेखि ५ लाखसम्म जरिबाना वा दुवै सजाय। |

**पहिलो चरणः** **(कसूरको वर्ग यकीन गर्ने)** यो कसूर गर्ने कसूरदारलाई हुने कैद र जरिबानाको माथिल्लो र तल्लो हदको व्यवस्था भएको र सजायको दायरा फराकिलो भएको हुँदा कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा उपयुक्त सजाय निर्धारण गर्न यस कसूरलाई देहाय बमोजिम २ वर्गमा वर्गीकरण गर्न सकिने हुँदा कसूरदारको कसूर कुन वर्गमा पर्ने हो यकिन गर्ने। कसूरको वर्ग विभाजन गर्ने आधारहरुको केही दृष्टान्त तालिकामा उल्लेख गरिएको छ।

| कसूरको वर्ग | कसूर | कैद सजायको दायरा (Range) |
|---|---|---|
| क | ▪ ऐनको दफा २६ को उपदफा (१) मा लेखिएका वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने,<br>▪ ऐनको दफा २६ को उपदफा (१) मा लेखिएका वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तुलाई गम्भीर घाइते बनाउने,<br>▪ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर। | ५ वर्षदेखि १० वर्ष कैद |
| ख | ▪ ऐनको दफा २६ को उपदफा (१) मा लेखिएका वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तुलाई घाइते बनाउने, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा क वर्गमा वर्गिकरण गर्न उपयुक्त नहुने कसूर। | १ वर्षदेखि ५ वर्ष कैद |

**दोस्रो चरणः** (कैद सजायको आधार विन्दु यकिन गर्ने) प्रथम चरणमा यकिन गरिएको कसूरको वर्ग र सजायको दायराका आधारमा कसूरदारलाई कैद सजाय निर्धारण गर्न देहाय बमोजिम कैद सजायको आधार विन्दु यकिन गर्ने।

| कसूरको वर्ग | कसूर | कैद सजायको आधार विन्दु | कैद सजायको दायरा (Range) |
|---|---|---|---|
| क | ▪ ऐनको दफा २६ को उपदफा (१) मा | ७ वर्ष ६ | ५ वर्षदेखि १० |

| | | | |
|---|---|---|---|
| | लेखिएका वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने,<br>▪ ऐनको दफा २६ को उपदफा (१) मा लेखिएका वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तुलाई गम्भीर घाइते बनाउने,<br>▪ एकै वारदातमा एकभन्दा बढी कसूर गरेको,वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा यस वर्गमा वर्गीकरण गर्न उपयुक्त हुने कसूर। | महिना कैद | वर्ष कैद |
| ख | ▪ ऐनको दफा २६ को उपदफा (१) मा लेखिएका वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तुलाई घाइते बनाउने, वा<br>▪ कसूरको गम्भीरता, कसूरदारको दोषिपना, कसूरबाट पुगेको क्षति तथा कसूरबाट भएको वा हुन सक्ने जोखिम समेतका आधारमा क वर्गमा वर्गिकरण गर्न उपयुक्त नहुने कसूर। | ३ वर्ष कैद | १ वर्षदेखि ५ वर्ष कैद |

**तेस्रो चरणः** **(सजायको उद्देश्य विचार गर्ने)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा १३ बमोजिमका कुनै वा सबै उद्देश्य विचार गर्ने। सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने सजायको उद्देश्य यसै सामान्य मार्गदर्शनको भाग-१ को तेस्रो चरणमा दिइएको छ।

**चौथो चरणः** **(समग्रतामा सजाय निर्धारण)** यस कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्दा सजाय निर्धारण ऐनको दफा ११ को उपदफा (२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने। सजाय निर्धारण गर्दा लिनु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को चौथो चरणमा दिइएको छ।

**पाँचौ चरणः** **(कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्था विश्लेषण गर्ने)** यस कसूरको कसूरदारलाई सजाय निर्धारण गर्दा अपराध संहिताको दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने तथा दफा ३९ बमोजिम कसूरको गम्भीरता घटाउने विद्यमान अवस्थाहरुको विश्लेषण गर्ने। कसूरको गम्भीरता बढाउने तथा कसूरको गम्भीरता घटाउने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग-१ को पाँचौं चरणमा दिइएको छ।

**छैठौं चरणः** **(कैद यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति कैदको सजाय हुने हो यकिन गर्ने।

**सातौं चरणः** **(जरिबाना यकिन गर्ने)** यस कसूरका कसूरदारलाई कसूर गरेबापत के कति जरिबाना हुने हो यकिन गर्ने।कसूरदारलाई जरिबानाको सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को सातौं चरणमा दिइएको छ।

**आठौं चरणः** **(थप सजाय हुने भए निर्धारण गर्ने)** यस कसूरका कसूरदारलाई थप सजाय हुन सक्ने अवस्था भए थप सजाय निर्धारण गर्ने।कसूरदारलाई थप सजाय हुन सक्ने अवस्थाहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को आठौं चरणमा दिइएको छ।

**नवौं चरणः** **(सजायमा छुट दिने)** यस कसूरका कसूरदार उपर फौजदारी कार्यविधि संहिताको दफा ३३ को उपदफा (२) बमोजिम घटी सजायको प्रस्ताव लिई अभियोगपत्र दायर भएको र त्यस्तो प्रस्ताव रद्ध नगरिएको भए फौजदारी कार्यविधि नियमावलीको नियम १९ बमोजिम कसूरदारलाई हुने सजाय किटान गरी अभियोग दावी लिए बमोजिमको सजायमा छुट दिई सजाय निर्धारण गर्ने।

**दशौं चरणः** **(कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन जफत)** ऐनको दफा २८ बमोजिम यो कसूर गर्ने कसूरदार दोषि ठहरिएमा अपराधसित सम्बन्धित आखेटोपहार, हातहतियार, सवारीको साधन तथा अन्य वस्तु जफत गर्न सक्ने व्यवस्था भएकोले त्यस्तो साधन तथा वस्तु जफत गर्ने।

**एघारौं चरणः** **(बिगो निर्धारण गर्ने)** यस कसूरबाट पीडितलाई बिगो भराई दिने व्यवस्था नभएको हुँदा यस कसूरका हकमा यो चरण आकर्षित नहुने।

**बाह्रौं चरणः** **(क्षतिपूर्ति तथा क्षतिपूर्ति शुल्क)**

- यस कसूरबाट पीडितलाई क्षतिपूर्ति भराई दिने व्यवस्था नभएको हुँदा यो चरण आकर्षित नहुने।
- फैसला गर्दा पीडित संरक्षण ऐनको दफा ४१ बमोजिम लाग्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नु पर्ने।

**तेह्रौं चरणः** **(अन्य आदेश)**

- यस कसूरमा कसूरदारलाई निर्धारण भएको सजायको आधारमा फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिम कैद बापत रकम तिर्न सकिने अवस्था भएमा सो सम्बन्धी आदेश गर्ने।
- सजाय निर्धारण ऐनको दफा २४ को उपदफा (३) का आधारमा सोही ऐनको दफा २२,२४,२५,२६ वा २७ बमोजिम आदेश हुन नसक्ने भएकोले सो सम्बन्धी आदेश गर्न नसकिने।

**चौधौं चरणः** **(नैतिक पतन हुने नहुने घोषणा गर्ने)** यस कसूरको कसूरदारलाई नैतिक पतन हुने अवस्था विद्यमान भए वा नभएको सम्बन्धमा विश्लेषण गरी नैतिक पतन हुने वा नहुने अवस्थाको घोषणा गर्ने। नैतिक पतन हुने वा नहुने अवस्थाको विश्लेषण गर्ने आधारहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को चौधौं चरणमा दिइएको छ।

**पन्ध्रौं चरणः** **(आधार र कारण सहितको फैसला)** फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐनको दफा १७ मा अदालतको फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु उल्लेख भएको सन्दर्भमा यसै मार्गदर्शन बमोजिम निर्धारण गरिएको सजाय र सान्दर्भीक कुराहरुलाई समेत सिलसिलेवार रुपमा प्रष्ट खुलाई फैसला वा आदेश तयार गर्नु पर्ने। फैसला वा आदेशमा खुलाउनु पर्ने कुराहरु यसै सामान्य मार्गदर्शनको भाग -१ को पन्ध्रौं चरणमा दिइएको छ।

**भाग-४**

**कसूरः** राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरको आपराधिक षडयन्त्र, उद्योग, दुरुत्साहन तथा मतियार सम्बन्धी कसूर।

**सम्बद्ध कानूनः** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा अपराध संहिता, परिच्छेद-३ (आपराधिक षडयन्त्र, उद्योग, दुरुत्साहन र मतियार)।

**(क)** **आपराधिक षडयन्त्रको कसूरदारको हकमाः** राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरको आपराधिक षडयन्त्र गर्ने कार्यलाई उक्त ऐनमा छुट्टै अपराधिकरण गरी सजायको व्यवस्था नगरिएको हुँदा सो सम्बन्धमा अपराध संहिताको सामान्य प्रावधान सम्बन्धी दफा ३३ को व्यवस्था लागू हुने भएकोले राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरको आपराधिक षडयन्त्र गर्ने कसूरदारलाई देहाय बमोजिम सजाय निर्धारण गर्नु पर्नेः-

- आपराधिक षड्यन्त्र बमोजिम कसूर भएको भए सो कसूर गरे सरह सजाय हुने व्यवस्था भएकोले जुन कसूर गर्न आपराधिक षड्यन्त्र गरेको हो सो कसूरमा यसै सामान्य मार्गदर्शन बमोजिम त्यस्तो कसूर गर्ने कसूरदारलाई निर्धारण गरिने सजाय सरह सजाय निर्धारण गर्ने।
- आपराधिक षड्यन्त्र बमोजिम कसूर नभएको भए सो कसूरमा हुने सजायको आधा सजाय हुने व्यवस्था भएकोले जुन कसूर गर्न आपराधिक षड्यन्त्र गरेको हो सो कसूरमा यसै सामान्य मार्गदर्शन बमोजिम त्यस्तो कसूर गर्ने कसूरदारलाई निर्धारण गरिने सजायको आधा सजाय निर्धारण गर्ने।

**(ख)** **उद्योग गर्ने कसूरदारको हकमाः** राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरको उद्योग गर्ने कार्यलाई उक्त ऐनको दफा २६ को उपदफा (५घ) मा छुट्टै अपराधिकरण गरी सजायको व्यवस्था गरिएको हुँदा सो सम्बन्धमा अपराध संहिताको सामान्य प्रावधान सम्बन्धी दफा ३४ को व्यवस्था लागू नहुने भएकोले

- राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर गर्न उद्योग गर्ने कसूरदारलाई हुने सजाय सरहको सजाय हुने व्यवस्था भएकोले संरक्षित वन्यजन्तु सम्बन्धी जुन कसूर गर्न त्यस्तो उद्योग गरेको हो सो कसूरमा यसै सामान्य मार्गदर्शन बमोजिम त्यस्तो कसूर गर्ने कसूरदारलाई निर्धारण गरिने सजाय सरह सजाय निर्धारण गर्नु पर्ने।

**(ग)** **दुरुत्साहन दिने कसूरदारको हकमाः** राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरको दुरुत्साहन दिने कार्यलाई उक्त ऐनमा छुट्टै अपराधिकरण गरी सजायको व्यवस्था नगरिएको हुँदा सो सम्बन्धमा अपराध संहिताको सामान्य प्रावधान सम्बन्धी दफा ३५ को व्यवस्था लागू हुने भएकोले राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर गर्न दुरुत्साहन दिने कसूरदारलाई देहाय बमोजिम सजाय निर्धारण गर्नु पर्नेः-

- दुरुत्साहन दिए बमोजिम कसूर भएको भए निज स्वयमले कसूर गरे सरह सजाय हुने व्यवस्था भएकोले जुन कसूर गर्न दुरुत्साहन दिएको हो सो कसूरमा यसै सामान्य मार्गदर्शन बमोजिम त्यस्तो कसूर गर्ने कसूरदारलाई निर्धारण गरिने सजाय सरह सजाय निर्धारण गर्ने।
- दुरुत्साहन दिए बमोजिम कसूर भईनसकेकोमा सो कसूरका लागि तोकिएको सजायको आधा सजाय हुने व्यवस्था भएकोले जुन कसूर गर्न दुरुत्साहन दिएको हो सो कसूरमा यसै सामान्य मार्गदर्शन बमोजिम त्यस्तो कसूर गर्ने कसूरदारलाई निर्धारण गरिने सजायको आधा सजाय निर्धारण गर्ने।

**(घ)** **मतियार हुने कसूरदारको हकमाः** ऐनको दफा २७ ले राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूरमा मतियार हुने कार्यलाई उक्त ऐनमा छुट्टै अपराधिकरण गरी सजायको व्यवस्था गरेको हुँदा सो कसूरको अराधिकरण र सजायका सम्बन्धमा अपराध संहिताको सामान्य प्रावधान सम्बन्धी दफा ३६ को व्यवस्था लागू नहुने।

- संरक्षित वन्यजन्तु मध्ये गैंडा, बाघ, कस्तुरी मृग र हात्तीसँग सम्बन्धित कसूर गर्न मतियार हुने कसूरदारलाई मुख्य कसूरदारलाई हुने सजाय सरह सजाय हुने व्यवस्था भएकोले उल्लिखित संरक्षित वन्यजन्तुसँग सम्बन्धित जुन कसूर गर्न त्यस्तो मतियार भएको हो सो कसूरमा यसै सामान्य मार्गदर्शन बमोजिम त्यस्तो कसूर गर्ने कसूरदारलाई निर्धारण गरिने सजाय सरह सजाय निर्धारण गर्नु पर्ने।
- संरक्षित वन्यजन्तु मध्ये गैंडा, बाघ, कस्तुरी मृग र हात्तीसँग सम्बन्धित बाहेकका राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर गर्न मतियार हुने कसूरदारलाई कसूरदारलाई हुने सजायको आधा सजाय हुने व्यवस्था भएकोले जुन कसूर गर्न त्यस्तो मतियार भएको हो सो कसूरमा यसै सामान्य मार्गदर्शन बमोजिम त्यस्तो कसूर गर्ने कसूरदारलाई निर्धारण गरिने सजायको आधा सजाय निर्धारण गर्नु पर्ने।

**<u>नोट</u>**

- आधा वा आधासम्म सजाय निर्धारण गर्दा कैद, जरीवाना वा दुवै सजायमा लागू हुने गरी गर्नु पर्ने।

**<u>सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन तयारी समिति</u>**

| | |
|---|---|
| डा. आनन्दमोहन भट्टराई, न्यायाधीश, सर्वोच्च अदालत | संयोजक |
| अनिलकुमार सिन्हा, न्यायाधीश, सर्वोच्च अदालत | सदस्य |
| टेकप्रसाद ढुङ्गाना, न्यायाधीश, उच्च अदालत पाटन, हेटौंडा इजलास | सदस्य |
| दुर्गाप्रसाद ढुङ्गेल, न्यायाधीश, मोरङ्ग जिल्ला अदालत | सदस्य |
| डा. श्रीप्रकाश उप्रेती, न्यायाधीश, भक्तपुर जिल्ला अदालत | सदस्य |
| सञ्जीवराज रेग्मी, सह-न्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| लालबहादुर कुँवर, रजिस्ट्रार, सर्वोच्च अदालत | सदस्य सचिव |